"स्वतन्त्र र निष्पक्ष निर्वाचन"

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

# निर्वाचन समीक्षा तथा आयोगको भावी रणनीति सम्बन्धी उच्चस्तरीय अन्तरक्रिया कार्यक्रम

# प्रतिवेदन



## निर्वाचन आयोग, नेपाल

## २०७६

## विषय सूची


सारांश १

पृष्ठभूमि
३

उदघाटन सत्र ५

राष्ट्रपतिको सम्बोधन ६

प्रधानमन्त्रीबाट व्यक्त मन्तव्य
८

स्वागत मन्तव्य
९

प्रस्तुतीकरण १४
माननीय नरेन्द्र दाहाल
माननीय इश्वरी प्रसाद पौड्याल

सहभागीहरूबाट व्यक्त विचार १६

निष्कर्ष २४
अनुसूचीहरू २५
१ कार्यक्रमको अवधारणापत्र २६
२ आमन्त्रण उपस्थित महानुभावहरूको नामावली २८
३ अन्तरक्रिया कार्यक्रम ३६
४ प्रस्तुतीकरणको पूरा अंश ३७

कार्यक्रमका केही झलकहरू ४७

# उच्चस्तरीय अन्तरक्रिया कार्यक्रमको सारांश

निर्वाचन आयोगले २०७६ असार ९ गते सम्माननीय राष्ट्रपतिज्यूको प्रमुख आतिथ्यता एवम सम्माननीय प्रधानमन्त्रीज्यू र राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूको समुपस्थितिमा निर्वाचन सम्बद्ध प्रमुख सरोकारवालाहरूसँग विगतमा सम्पन्न भएका निर्वाचनहरूको समीक्षा तथा आयोगले आगामी दिनमा अवलम्बन गर्नुपर्ने रणनीतिहरूका सम्बन्धमा एक उच्चस्तरीय अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । राष्ट्रपतिको कार्यालय स्थित सभाहलमा आयोजित उक्त कार्यक्रमको समुद्घघाटन सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले गर्नुभएको थियो । उक्त कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूले आयोगले हालसम्म हासिल गरेका उपलब्धि र सफलता सराहनीय रहेको बताउँदै, निर्वाचनलाई मितव्ययी र धान्न सकिने बनाउन र सूचना प्रविधिको प्रयोगलाई बढाई पारदर्शि निर्वाचन अभियानको अभ्यास र आचार संहिताको पालनामा सबैलाई जिम्मेवार तुल्याउन विशेष ध्यान दिन जरुरी छ भन्नुभयो ।

कार्यक्रममा सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीले आयोगले हासिल गरेका उपलब्धिलाई स्मरण गर्दै आगामी दिनमा निर्वाचनलाई अझ बढी स्वच्छ, स्वतन्त्र र मर्यादित रुपमा सम्पन्न गर्न आयोग सक्षम संस्थाको रुपमा अगाडि बढ्ने विश्वास व्यक्त गर्दै सोका लागि सरकारको सदैव सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा माननीय प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै निर्वाचनलाई मितव्ययी र धान्न सकिने बनाउने, एकीकृत निर्वाचन कानून तर्जुमा गर्ने, विदेशमा बस्ने नेपालीहरूको मतदानको सम्बन्धमा उचित व्यवस्थापन गर्ने, संघीय ढाँचा अनुरूप आयोग र मातहतको पुनरसंरचना गर्ने, आयोगको भवन निर्माण, अन्य पूर्वाधार सुधार र स्रोत साधनको महत्तम उपयोग गर्ने, मतदाता शिक्षा र नागरिक सचेतनाका कार्यक्रमलाई विधागत रूपमा व्यवस्थित गरी स्थानीय तहसम्म हस्तान्तरण गर्ने, निर्वाचन प्रक्रियामा प्रदेश सरकार तथा स्थानीय तहलाई सहभागी गराउने, प्रविधियुक्त निर्वाचन प्रणाली स्थापित गर्ने लगायतका विषयमा विभिन्न समिति र कार्यदल गठन गरी कार्य प्रारम्भ गरिएको व्यहोरा जानकारी गराउनुभयो । साथै आयोगले सबै सरोकारवालाहरूको समेत सुझाव लिई उद्देश्यमा स्पष्टता, प्रक्रियामा एकरूपता, सूचनामा सहजता, कार्यान्वयनमा सहभागिता, नतिजामा शीघ्रता, काम कारवाहीमा विश्वसनीयता एवम् निरन्तरता कायम गर्ने पद्धति र कार्यशैलीका साथ आफ्नो कार्यलाई निरन्तररूपमा अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

माननीय निर्वाचन आयुक्त नरेन्द्र दाहालले आयोगको प्रस्तावित तेस्रो पञ्चबर्षीय रणनीतिक योजनाका प्रस्तावित  रणनीति एवम् कार्यनीतिहरू प्रस्तुत गर्नुभयो । रणनीतिहरूमा आयोगको संस्थागत सुदृढीकरण गर्ने, प्रविधियुक्त निर्वाचन व्यवस्थापन प्रणालीको विकास गर्ने, निर्वाचन सम्बन्धी नीतिगत तथा कानूनी सुधार गर्ने, संविधान र कानून बमोजिम राजनीतिक दल व्यवस्थापन गर्ने र निर्वाचन व्यवस्थापनमा साझेदारी र सहकार्य अभिवृद्घि गर्ने रहेका कुरा स्पष्ट पार्नुभयो ।

माननीय निर्वाचन आयुक्त इश्वरी प्रसाद पौड्यालले निर्वाचन खर्चलाई कसरी मितव्ययी बनाउने, निर्वाचन प्रक्रियामा सूचना प्रविधिको प्रयोग, विदेशमा रहेका मतदाताहरूले निर्वाचनमा मतदान गर्न पाउने व्यवस्थाको सुनिश्चित गर्ने विषय, निर्वाचन आचार संहिताको प्रभावकारी रुपमा पूर्ण पालना कसरी गराउने जस्ता निर्वाचन समीक्षाको क्रममा उठेका विषयवस्तु एवम् सुझावबारे प्रस्तुत गर्नुभयो ।

निर्वाचन आयोगको तर्फबाट प्रस्तुतीकरण पश्चात् आयोगले विगतमा सम्पन्न गरेका निर्वाचन व्यवस्थापन तथा आगामी दिनमा लिनुपर्ने कार्यदिशाका सम्बन्धमा सहभागीहरूबाट महत्वपूर्ण सुझावहरू प्राप्त भए । अन्तरक्रिया कार्यक्रममा सबैजसो वक्ताले निर्वाचनमा बढ्दो प्रचार प्रसार खर्च, विदेशमा बस्ने नेपाली नागरिकको मताधिकार, समानुपातिक निर्वाचन प्रणालीमा प्रतिनिधित्व, निर्वाचन आचार संहिताको पालना, निर्वाचन शिक्षा एवम् आयोगले लिनुपर्ने भावी कार्यदिशा आदि विषयमा महत्वपूर्ण सुझाव र पृष्ठपोषण दिनुभयो ।

पूर्वप्रधानमन्त्री एवम् प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले निर्वाचनमा विद्युतीय मतदान मेशिनको प्रयोग गर्नु सकारात्मक रहेको बताउनुभयो । विदेशमा रहेका नेपालीले मतदान गर्न पाउनुपर्ने तर गोपनीयताको कारण अनलाइनबाट मतदान गर्न मिल्दैन कि ? स्पष्ट हुनुपर्छ भन्नुभयो । पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले निर्वाचन निकै खर्चिलो भएकोले स्थानीय तहबाटै नियन्त्रण गनुपर्नेमा जोड दिँदै महिला र दलितका लागि छुट्टै निर्वाचन क्षेत्र बनाउने बारेमा सोच्नुपर्छ भन्नुभयो । त्यसैगरी पूर्व प्रधानमन्त्री डा.बाबुराम भट्टराईले प्रणालीगत सुधारमा जोड दिँदै प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र विधायिकाको निर्वाचन पूर्णसमानुपातिक हुनुपर्ने र मतका आधारमा दललाई राज्यले रकम दिनुपर्ने जस्ता सुझाव दिनुभयो ।

कार्यक्रममा राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, पूर्व प्रधानमन्त्रीहरू शेर बहादुर देउवा, माधव कुमार नेपाल र डा.बाबुराम भट्टराई, कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री, संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्बाङ्ग, महान्यायाधिवक्ता, राष्ट्रपति एवम् प्रधानमन्त्रीका सल्लाहकारज्यूहरू, नेपाल सरकारका मुख्य सचिव निर्वाचन आयोगका पूर्व प्रमुख निर्वाचन आयुक्तहरू, संसदमा प्रतिनिधित्व

गर्ने राजनीतिक दलका प्रमुख एवम् पदाधिकारीहरू, नेपाल सरकारका विशिष्ट श्रेणीका पदाधिकारीहरू लगायत अन्य विशिष्ट अतिथिहरूको सहभागिता रहेको थियो ।

## १ पृष्ठभूमि

वि. सं. २०७४ सालमा भएका स्थानीय तह, प्रदेश सभा, संघीय संसद, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्पन्न गरी निर्वाचन आयोगले वि.सं. २०७५ असार महिनामा सातवटै प्रदेशमा प्रदेशस्तरीय समीक्षा गरी प्रतिवेदन प्रकाशित गरिसकेको छ । उक्त प्रतिवेदनले निर्वाचन प्रक्रियामा अवलम्बन गरिएका असल अभ्यास, अनुभव गरिएका मूलभूत समस्याहरू, समाधानका लागि गर्नुपर्ने सुधारहरूको पहिचान गरेको छ ।

निर्वाचन आयोगको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको अवधि वि.सं. २०७६ आषाढ मसान्तमा पूरा हुने र आ.व. ०७६।०७७ देखि तेस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनमा ल्याउने गरी आयोगले योजना तर्जुमा कार्य अगाडि बढाएको छ । यीनै दुईवटा मूलभूत विषयहरूमा केन्द्रित रही राजनीतिक दल तथा निर्वाचनका अन्य सरोकारवालाहरूबाट पृष्ठपोषण प्राप्त गर्न एक दिवसीय अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको हो ।

निर्वाचन समीक्षाबाट प्राप्त सुझावहरू, दोश्रो रणनीतिक योजनाको समीक्षा मुल्यांकनबाट पहिचान गरिएका विषयहरू तथा समसामयिक रुपमा उठेका सबै विषयहरूलाई समेटी निर्वाचनलाई अझ बढी स्वच्छ र स्वतन्त्र रुपमा सम्पन्न गर्न आयोगलाई सक्षम र व्यावसायिक निकायको रुपमा संस्थागत गर्ने गरी तेस्रो पञ्चबर्षीय रणनीतिक योजना तयार हुने क्रममा रहेको छ । आयोगको स्वायत्तता र स्वतन्त्रता, संस्थागत सुदृढीकरण, क्षमता विकास, साझेदारी प्रवर्धन, सूचना प्रविधियुक्त निर्वाचन व्यवस्थापन प्रणालीको विकास, सुदृढ कानूनी व्यवस्था, निर्वाचन पूर्वाधारको विकास, निर्वाचन व्यवस्थापनमा मितव्ययिता र प्रभावकारिता ल्याउने उद्देश्यहरू प्रस्तावित रणनीतिक योजनाले परिलक्षित गरेको छ । उच्चस्तरीय अन्तरक्रियाबाट प्राप्त सुझावहरूलाई निर्वाचन आयोगले भावी निर्वाचनको व्यवस्थापन सुधारको मुख्य आधारको रुपमा अवलम्बन गर्नेछ ।

## १.१ कार्यक्रमको उद्देश्य

कार्यक्रमको मुख्य उद्देश्य वि.सं. २०७४ सालमा सम्पन्न भएका सबै तहका निर्वाचनको समीक्षाबाट प्राप्त सुझावहरूको विषयमा छलफल गर्ने एवम् भावी रणनीतिक योजना र समसामयिक विषयमा उच्चस्तरीय तहमा अन्तरक्रिया गरी आयोगको भावी दिशानिर्देश गर्नु रहेको थियो । साथै कार्यक्रमका अन्य उद्देश्यहरू निम्नानुसार रहेका थिएः

- समीक्षाबाट प्राप्त मूलभूत बुँदाहरू प्रस्तुत गरी अन्तरक्रियाबाट प्राप्त सुझावहरूको आधारमा निर्वाचन व्यवस्थापन र सञ्चालन सम्बन्धी ऐन, नियम, निर्देशिका र निर्वाचनका समग्र प्रक्रियामा सुधार गर्ने,
- प्रस्तावित तेश्रो पञ्चवर्षीय रणनीतिक योजनाको रणनीति र कार्यनीतिहरूका बारेमा सुझावहरू प्राप्त गर्ने।

## १.२ अन्तरक्रियामा प्रस्तुत भएका विषयहरू

क) २०७४ मा सम्पन्न भएका निर्वाचनको समीक्षा सम्बन्धी विषय

ख) प्रस्तावित तेश्रो पञ्चवर्षीय रणनीतिक योजना सम्बन्धी विषय

(कार्यक्रमको अवधारणापत्र **अनुसूची १** मा, आमन्त्रण तथा उपस्थित महानुभावहरूको नामावली **अनुसूची २** मा र अन्तरक्रिया कार्यक्रम **अनुसूची ३ मा** संलग्न गरिएको छ )

## २ उदघाटन सत्र

सम्माननीय राष्ट्रपतिज्यूको प्रमुख आतिथ्यता एवम् सम्माननीय प्रधानमन्त्रीज्यूको समुपस्थितिमा निर्वाचन सम्बद्‍ध प्रमुख सरोकारवालाहरूसँग विगतमा सम्पन्न भएका निर्वाचनहरूको समीक्षा तथा आयोगले आगामी दिनमा अवलम्बन गर्नुपर्ने रणनीतिहरूका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो ।



सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष उच्चस्तरीय अन्तरक्रिया कार्यक्रमको पुस्तिका आयोगका सचिव श्री देव कुमारी गुरागाईँले प्रस्तुत गर्नु भएको थियो ।

सचिवबाट सम्माननीय राष्ट्रपति समक्ष उच्चस्तरीय अन्तरक्रिया कार्यक्रमको पुस्तिका

राष्ट्रपतिको कार्यालयस्थित सभाहलमा आयोजित उच्चस्तरीय अन्तरक्रिया कार्यक्रमको समुद्‍घघाटन सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीले गर्नुभएको थियो । आयोगका तर्फबाट माननीय प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले स्वागत मन्तव्यको साथै कार्यक्रमको उद्‍देश्य माथि प्रकाश पार्नुभएको थियो ।



*दिप प्रज्वलनबाट कार्यक्रमको उदघाटन गर्नुहुँदै सम्माननीय राष्ट्रपति विद्यादेवी*

## २.१ सम्मानलनीय राष्ट्रपतिको सम्बोधन

कार्यक्रमको अन्त्यमा सम्मानलनीय राष्ट्रपतिबाट अन्तरक्रिया कार्यक्रमलाई गरिएको सम्बोधन–

यहाँहरू सबैलाई राष्ट्रपति भवन, शीतलनिवासमा स्वागत गर्ने अवसर मिलेकोमा खुशी लागेको छ । यस कार्यक्रममा सहभागी हुनुहुने सबैलाई हार्दिक धन्यवाद भन्न चाहन्छु । संबैधानिक अंगको रूपमा रहेको निर्वाचन आयोगले निर्वाचन समीक्षा तथा आयोगको भावी रणनीति सम्बन्धी उच्चस्तरीय अन्तरक्रिया कार्यक्रम आयोजना गरेकोमा सराहना गर्दछु ।



*कार्यक्रममा सम्बोधन गर्नुहुँदै सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारी*

यो अन्तरक्रिया कार्यक्रम निर्दिष्ट उद्देश्य हासिल गर्न सफल भयो होला भन्ने अपेक्षा लिएको छु । यस कार्यक्रममा प्राप्त भएका महत्वपूर्ण सुझावहरूलाई निर्वाचन आयोगले गंभीरतापूर्वक ग्रहण गर्दै आफ्ना भावी नीति तथा योजनामा प्रतिविम्बित गर्न कोशिस गर्नेछ भन्ने विश्वास समेत लिएको छु ।

लामो समयको राजनीतिक संक्रमणकालको अन्त्य गरी नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्ने कार्यमा वि.सं. २०७४ सालमा सम्पन्न ऐतिहासिक निर्वाचनले मार्ग प्रशस्त गरेको छ । स्वतन्त्र र स्वच्छ निर्वाचन नै सुशासन तथा लोकतन्त्रको आधार स्तम्भ मानिने हुनाले आगामी दिनमा हुने निर्वाचनलाई आयोगले अझ बढी स्वच्छ, स्वतन्त्र, पारदर्शी एवम् मितव्ययी बनाउन नविनतम रणनीतिक योजनासहित अगाडि वढ्नेछ भन्ने विश्वास लिएको छु । लोकतन्त्रको आधारको रूपमा रहेको आवधिक निर्वाचन विश्वासिलो हुँदा नै लोकतन्त्रप्रति जनविश्वास बढ्ने र लोकतन्त्र थप सुदृढ हुने भएकाले यस बारेमा सबै संवेदनशील बन्नु पर्दछ ।

अन्तर्राष्ट्रियस्तरमा स्थापित निर्वाचनका मूल्य मान्यता अनुकूल हुने गरी स्वच्छ, स्वतन्त्र र विश्वसनीय रूपमा निर्वाचन सम्पन्न गर्नु नै निर्वाचन आयोगको महत्वपूर्ण सफलता एवम् व्यवसायिक कुशलता हो भन्ने मलाई लाग्दछ । निर्वाचनको सन्दर्भमा हासिल गरेका अनुभव, विभिन्न समयमा उठ्ने गरेका सवाल र प्राप्त सुझावलाई मनन गरी सुधारको प्रक्रिया प्रारम्भ गर्न अब कुनै ढिलाइ गर्नु हुँदैन ।

निर्वाचनलाई कम खर्चिलो, मितव्ययी र धान्न सकिने बनाउन, निर्वाचन व्यवस्थापनमा आधुनिक सूचना प्रविधिको प्रयोग बढाई पारदर्शिता, पहुँच र विश्वसनीयता बढाउन, निर्वाचन सम्बन्धी कानूनलाई एकीकृत गरी सुदृढ व्यवस्थापनसहित आवधिक निर्वाचनको सुनिश्चितता कायम गर्न, स्वच्छ र स्वतन्त्र निर्वाचन अभियानको अभ्यास र आचार संहिताको पालनामा सबैलाई जिम्मेवार तुल्याउन विशेष ध्यान दिन जरुरी छ । निर्वाचन आयोग र अन्तर्गतका कार्यालयहरूमा आवश्यक पूर्वाधारसहित कार्यरत जनशक्तिलाई थप दक्ष, लगनशील र सक्षम बनाउँदै उच्च मनोवलकासाथ कार्य गर्ने अनुकूल वातावरण सिर्जना गर्न र कार्यालयहरूलाई निरन्तर रूपमा क्रियाशिल बनाई राख्न आवश्यक छ ।

मतको समानता र मतदानमा आमजनताको व्यापक सहभागिता निर्वाचनको महत्वपूर्ण कडी हो । यसका लागि आयोगले मतदाता शिक्षालाई थप व्यवस्थितरूपले संचालन गर्नुपर्नेछ । विदेशमा रहेका नेपाली नागरिकलाई मताधिकार प्रयोग गर्न अवसर दिने विषयलाई गम्भीरतापूर्वक लिनुपर्छ । निर्वाचन सम्बन्धी विवादहरूको समाधानमा कानून, नियम र प्रचलन बमोजिम एकरूपता र स्पष्टता कायम गरी निर्वाचन परिणामलाई निर्विवाद तुल्याउन निर्वाचन विधिमा सबैको स्वीकार्यतालाई व्यापक बनाउँदै लैजानु पर्दछ ।

निर्वाचनको व्यवस्थापनमा गर्नु पर्ने सुधारका यी कामहरू निर्वाचन आयोग एक्लैले गर्न संभव हुने विषय पनि होइन । आगामी दिनमा निर्वाचन आयोगले राजनीतिक दलहरूलगायत निर्वाचनका सरोकारवालाहरू सबैसँग सुमधुर सम्बन्ध र समन्वय कायम गर्दै निर्धारित लक्ष्य हासिल गर्ने कार्यमा सफल हुनेछ भन्ने विश्वास गरेको छु ।

अन्त्यमा, यस अन्तरक्रियाबाट प्राप्त सुझावहरूलाई महत्वपूर्ण मार्गदर्शनको रूपमा ग्रहण गरी आगामी दिनमा आयोगलाई अझ बढी सबल र सक्षम संवैधानिक अंगको रूपमा प्रस्तुत गर्दै स्वच्छ र स्वतन्त्र निर्वाचनको माध्यमबाट लोकतन्त्रको सुदृढीकरण एवम् सुशासनमा योगदान पुर्याउन मद्दत पुग्ने अपेक्षासहित सफलताको शुभकामना व्यक्त गर्दछु ।

## २.२ सम्माननीय प्रधानमन्त्रीबाट व्यक्त मन्तव्य

यस प्रकारको कार्यक्रम आयोजना गरेकोमा आयोगप्रति धन्यवाद छ । दुवै कार्यपत्र राम्रा छन् । खुसीको कुरा हो । आम जनताको पहुँच भित्र कसरी निर्वाचन व्यवस्थापन गर्न सकिन्छ, यस बारेमा सोच्न जरुरी भइसकेको छ ।



मन्तव्य राख्नुहुँदै सम्माननीय प्रधानमन्त्री श्री के.पी.

चुनावी खर्चको स्थिति गम्भिर छ । यसलाई कसरी सोच्ने हो । चुनाव खर्चबारे सोच्न जरुरी छ । जनताको प्रतिनिधित्व वास्तविक हुनुपर्छ । नेपालको सन्दर्भमा Recall राख्नै हुँदैन ।

समानुपातिक निर्वाचनका उम्मेदवारमा नातावाद कृपावाद हुनुहुँदैन । समानुपातिकको सुचीमा परेका व्यक्तिहरू पार्टीलाई योगदान गरेका र लोकतन्त्र स्थापना र विकासमा योगदान पुर्‍याएका भए परिवार वा नाताभित्र परे पनि कुनै फरक पर्दैन ।

विदेशमा रहेकाले मात्र हैन यहिका सबै नागरिकले मताधिकार प्रयोग गर्न पाएनन् । त्यो विषय महत्वपूर्ण हो । विदेशबाट मतदान गर्दा गोपनीयताको प्रश्न, वुथ व्यवस्थापन, सबैको पहुँच हुन सक्छ वा सक्दैन विचारणीय छ । व्यवहारिक हुनुपर्छ ।

निर्वाचन आयोगले दृढतापूर्वक ढुक्क भएर निश्पक्ष रुपले काम गर्नु पर्दछ । सरकारको आडमा कसैले भन्छ भने आयोगले संविधान अनुसार चल्छु भनेर दृढ भएर भन्नु पर्दछ । आयोग विश्वास र प्रतिष्ठा वृद्धि गर्न सक्षम रहोस ।

विगतका निर्वाचनमा कमी कमजोरी भएका होलान् । आगामि दिनमा यसो नहोस । रिक्त स्थानमा उपनिर्वाचन निकट भविष्यमा हुन्छ । निर्वाचन आयोगसँग परामर्श गरी आयोगलाई दवाव नपर्ने गरी सरकारले अनुकूल समयमा उपनिर्वाचनको लागि मिति तोक्नेछ ।

EVM मेसिनको प्रयोग विवाद नहुने गरी गर्नु पर्दछ । विवादास्पद नहुने गरी हामी सबै सहमत हुन्छौ भने EVM मा जानु राम्रो हो । प्रविधिमाथि विश्वास गर्नुपर्छ तर विवाद हुने गरी

गर्नुहुन्न ।नेपालकै EVM को Develop गरेर नेपाली EVM प्रयोग गर्न सकिन्छ की ? यसो गर्न सकेमा कम खर्च हुन्छ। एकिकृत निर्वाचन कानून बनाउने कुरा राम्रा छन्, ध्यान पुर्‍याइयोस।

## २.३ स्वागत मन्तव्य

सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीबाट कार्यक्रमको समुदघाटन पश्चात उपस्थित सम्पूर्ण विशिष्ट महानुभावहरूलाई स्वागत गर्दै आयोगका प्रमुख निर्वाचन आयुक्त श्री दिनेश कुमार थपलियाबाट व्यक्त मन्तव्य–

**सम्माननीय राष्ट्रपतिज्यू,**

निर्वाचन आयोगको विशेष अनुरोध र निमन्त्रणालाई सहर्ष स्वीकार गरी आयोगद्वारा आयोजित यस निर्वाचन समीक्षा तथा आयोगको भावी रणनीति विषयक उच्चस्तरीय अन्तरक्रिया कार्यक्रममा पाल्नु भई प्रमुख आतिथ्यता ग्रहण गरिदिनु भएकोमा सम्माननीय राष्ट्रपतिज्यूप्रति हार्दिक सम्मान प्रकट गर्दै स्वागत गर्न चाहन्छु । यस कार्यक्रममा विशिष्ट अतिथिकोरूपमा उपस्थित भईदिनु भएकोमा सम्माननीय प्रधानमन्त्रीज्यू एवम् विशेष आतिथ्यता ग्रहण गरिदिनुहुने सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू, माननीय पूर्व प्रधानमन्त्रीज्यूहरू, माननीय उपप्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरू, राजनीतिक दलका अध्यक्ष एवम् सभापतिज्यूहरू लगायत सम्पूर्ण विशिष्ट अतिथि महानुभावहरू प्रति हार्दिक आभार सहित स्वागत गर्न चाहन्छु । यहाँहरूको उपस्थितिले आयोगको यस कार्यक्रमको गरिमा बढेको, थप हौसला प्रदान गरेको, गौरवको अनुभूति भएको र निर्वाचन आयोगलाई आफ्नो संवैधानिक भूमिका अझै सशक्त र प्रभावकारीरूपमा निर्वाह गर्न प्रेरणा प्राप्त भएको कुरा निवेदन गर्न चाहन्छु ।



आजको यस कार्यक्रमको मुख्य उद्देश्य वि.सं. २०७४ सालमा सम्पन्न भएका सबै तहका निर्वाचनहरूको सातै प्रदेशमा सम्पन्न भएका समीक्षाबाट प्राप्त सुझावहरूको सम्बन्धमा छलफल गरी मार्गदर्शन प्राप्त गर्नु र आयोगले ३

*स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै माननीय प्रमुख निर्वाचन आयुक्त*

रणनीतिक योजनाको खाका उपर सुझाव एवम् पृष्ठपोषण लिनु नै

हो । जसबाट आयोगलाई निष्पक्षता, व्यावसायिकता र विश्वसनीयताको जगमा उभिएर आम सहमतिमा सर्वस्वीकार्य निर्वाचन सम्पन्न गर्ने आधार तयार गर्न मार्ग प्रशस्त हुनेछ। यिनै विषयवस्तुको आधारमा आयोगले लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण र सुशासन प्रवर्द्धनका लागि निर्वाचन र स्वच्छ, निष्पक्ष, स्वतन्त्र र विश्वसनीय निर्वाचनका लागि स्वायत्त, सुदृढ र सक्षम निर्वाचन आयोग भन्ने मूल मान्यताका साथ निर्वाचन व्यवस्थापनको समग्र सुधार प्रक्रियालाई अगाडि बढाउन चाहेको कुरा निवेदन गर्न चाहन्छु ।

**सम्माननीय राष्ट्रपतिज्यू,**

निर्वाचन आयोगले करिव पाँच दशकको अविरल यात्रामा केही आरोह अवरोह र जटिलताका बीच थुप्रै अभ्यास, अनुभव र उपलब्धि हासिल गरेको छ । संविधान र कानूनले निर्दिष्ट गरेबमोजिम तोकिएको समयमा सबै तहका निर्वाचनहरू स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय वातावरणमा सम्पन्न गरी लोकतन्त्रको संस्थागत विकास र सुदृढीकरणमा योगदान पुर्याउनु आयोगको महत्वपूर्ण उपलब्धि हो । यसको निम्ति आयोगबाट फोटोसहितको मतदाता नामावली, मतदाता परिचयपत्र, निरन्तर मतदाता दर्ता कार्यक्रमको प्रारम्भ, निर्वाचन व्यवस्थापनमा प्रविधिको प्रयोग, निर्वाचन शिक्षा तथा सूचना केन्द्रको स्थापना र संचालन, आयोग र अन्तर्गत निकायको संगठनात्मक सुधार र भौतिक पूर्वाधार विकास, निर्वाचन प्रक्रियामा लैगिक समानता र समावेशीकरणको सार्थक अभ्यास, निर्वाचन सम्बन्धी विभिन्न नीति, ऐन, नियम, निर्देशिका र कार्यविधि तर्जुमा र कार्यान्वयन, साझेदार संस्था र सरोकारवालासँगको सहकार्य र साझेदारीमा अभिवृद्धि, निर्वाचनमा जोखिम व्यवस्थापनको प्रयोग र निर्वाचन सम्बन्धी क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय संस्थाहरूसँगको सम्बन्ध विस्तारलाई मुख्य उपलब्धिको रूपमा लिई निरन्तरता दिइदै आएको कुरा निवेदन गर्न चाहन्छु ।

यसबाट निर्वाचन आयोगले गरिरहेको छ, गर्न सक्छ र गर्नु पर्छ, भन्ने आम विश्वास अझ बलियो बन्दै गएको छ । यस सन्दर्भमा आयोगलाई निरन्तर अगाडि बढ्न प्रेरित गर्नुहुने, योगदान दिनु हुने र आयोगको शाख अभिवृद्धिमा निरन्तर लागिरहनु हुने हाम्रा अग्रजहरू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यिनै असल अभ्यास र उपलब्धिको जगेर्ना गर्दै निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र मितब्ययी रूपमा सम्पन्न गर्न आयोगलाई सक्षम र व्यावसायिक निकायको रूपमा संस्थागत गर्ने मुख्य ध्येयका साथ तेश्रो पञ्च वर्षीय रणनीतिक योजनाको खाका तयार गरिरहेको हो । आयोगले प्रस्तावित तेश्रो पञ्च वर्षीय रणनीतिक योजना तर्जुमा गर्दा नेपालको पन्धौं योजनाको आधार पत्र, वि.सं. २०७४ सालमा सम्पन्न निर्वाचन समीक्षाबाट प्राप्त सुझाव, निर्वाचन व्यवस्थापन प्रणालीमा सुधार गर्ने सम्बन्धमा विभिन्न समयमा आयोगलाई प्राप्त पृष्ठपोषण, चालु

रणनीतिक योजनाको कार्यान्वयनबाट प्राप्त अनुभव आदिलाई मुख्य मार्गदर्शनको रूपमा लिएको छ । आजको यस उच्चस्तरीय अन्तरक्रियाबाट प्राप्त पृष्ठपोषणलाई आत्मसात गरी रणनीतिक योजनालाई थप परिष्कृत, व्यावहारिक र कार्यान्वयन योग्य बनाउने कुरामा आयोग विश्वस्त रहेको छ ।

**सम्माननीय राष्ट्रपतिज्यू,**

निर्वाचन भनेको मत संकलन गरी मतपरिणाम घोषणा गर्नु मात्र होइन । निर्वाचनको समयमा अति व्यस्त र निर्वाचन अघिपछि अति सुस्त रहने परिकल्पना गरी संवैधानिक व्यवस्था र जिम्मेवारी सहित निर्वाचन आयोगको व्यवस्था भएको पनि होइन जस्तो लाग्छ । यथार्थमा विश्वका धेरै मुलुकमा निर्वाचन अभ्यासमा रहेको निर्वाचन चक्रअनुसार निर्वाचन पूर्व, निर्वाचन अवधि र निर्वाचन पश्चातका सबै कार्यहरूः योजना, तालिम, सूचना, मतदाता दर्ता, मनोनयन, प्रचार प्रसार, मतदान, परिणाम, रणनीति, सुधार र समीक्षालाई व्यवस्थित, प्रभावकारी र उपलब्धिमूलक ढंगले निरन्तर संचालन र कार्यान्वयन गर्नु नै यथार्थमा निर्वाचन हो । यसो गर्न सके मात्रै निर्वाचनलाई प्रतिनिधिमूलक राजनीतिक व्यवस्थाको आधारशीला एवम् जनअधिकारलाई संस्थागत गर्दै सुशासन प्रवर्द्धन गर्ने माध्यम बनाउन सकिन्छ । निर्वाचनबाट यही मर्मलाई स्थापित गर्नु आजको आवश्यकता हो ।

निर्वाचनबाट नै जनताले लोकतन्त्रको सार्थक अनुभूति गर्ने हुँदा निर्वाचनको समग्र पक्ष व्यवस्थापन, संचालन, रेखदेख नियन्त्रण र निर्देशन गर्ने संवैधानिक अधिकार प्राप्त निकाय निर्वाचन आयोगलाई सक्षम, सुदृढ, निष्पक्ष, व्यावसायिक र विश्वसनीय संस्थाको रूपमा सदैब क्रियाशील भईरहने वातावरण बनाइदिनुहुन र निर्वाचनको यस तथ्यलाई गम्भिरतापूर्वक मनन गरिदिनुहुन म सबैसँग हार्दिक अनुरोध गर्दछु । वास्तवमा शान्ति, स्थिरता, विकास, सुशासन र समृद्धि हाम्रो अभीष्ठ र गन्तब्य हो । यो अभीष्ठ प्राप्त गर्ने र गन्तब्यमा पुग्ने पहिलो खुडकिलो निर्वाचनबाटै प्रारम्भ हुन्छ भन्ने कुरामा दुई मत हुन सक्तैन भन्ने हामीलाई लाग्दछ । त्यसैले निर्वाचन गराउने मुख्य जिम्मेवारी निर्वाचन आयोगको हुँदाहुँदै पनि आयोगका क्रियाकलापमा यहाँहरूको साझेदारी, सहभागिता र सहयोग सदैब अपरिहार्य रहने छ भन्ने कुरामा हामी विश्वस्त छौं ।

कुनै पनि संस्थालाई जीवन्त राख्न र समय सापेक्ष तुल्याउन परिमार्जन, परिवर्तन, सुधार र रूपान्तरण अनिवार्य हुन्छ । आयोगले यस तथ्यलाई गम्भीरतापूर्वक महसुस गरेको छ । निर्वाचन सम्पन्न भएपछि त्यसको समीक्षा गर्ने, सुझाव लिने, असल अभ्यासलाई निरन्तरता दिने र

कमिकमजोरी हटाउने नीतिगत, कानूनी र व्यवस्थापकीय पक्षमा सुधार गर्दै जाने अन्तर्राष्ट्रिय अभ्यास अनुरूप नै आयोगले यो कार्य प्रारम्भ गरेको हो । निर्वाचन व्यवस्थापनलाई थप प्रभावकारी बनाई निर्वाचन समयको पूर्व सुनिश्चितताको लागि निर्वाचन संचालन तालिकामा आधारित रही निर्वाचन संचालन गर्ने अन्तर्राष्ट्रिय अभ्यासलाई अवलम्बन गर्न निर्वाचन सम्बन्धी कानूनमा नै निर्वाचनको मिति तोक्ने गरी आवश्यक कानूनी व्यवस्था गर्न जरूरी छ ।

निर्वाचन प्रक्रियामा सुधार गरी आधुनिक प्रविधिको प्रयोग गर्दै विदेशमा रहेका नेपाली नागरिकको मताधिकारलाई सुनिश्चित गर्न र निर्वाचनमा खटिएका राष्ट्रसेवक कर्मचारी लगायत विभिन्न कारणले मतदानको दिन मताधिकारको प्रयोग गर्न तोकिएको मतदानकेन्द्रमा उपस्थित हुन नसक्ने मतदाताका लागि पूर्व मतदान (Pre-Voting) वा अनुपस्थित मतदान (Absentee Voting) जस्ता वैकल्पिक विधिको प्रयोग गर्ने सम्बन्धमा ठोस निर्णयमा पुग्नु आवश्यक छ । मतदान केन्द्रहरूको पुनरावलोकन गरी मतदाताहरूको सहज पहुँच पुर्याउने र आवश्यक सुरक्षा व्यवस्था सहित मतदानस्थलमै मतगणना गर्ने कार्यको थालनी गर्नुपर्ने अवस्था छ । राष्ट्रिय परिचयपत्र र मतदाता परिचयपत्रका बीच आवद्धता कायम गर्न र प्रत्येक मतदाताले मतदाता नामावलीमा आफ्नो नाम दर्ता गर्न, विवरण हेर्न र अद्यावधिक गर्न सक्नेगरी प्रणालीगत व्यवस्था गर्न जरूरी भई सकेको छ । यसरी अनलाइन प्रणाली मार्फत मतदाताको नाम दर्ता र अद्यावधिक गर्ने कार्य हुन सकेमा स्वदेश तथा विदेशमा रहेका मतदातालाई सरल र सहज सेवा उपलब्ध हुनुका साथै मतदाता नामावलीमा शुद्धता कायम हुने कुरामा आयोग विश्वस्त छ ।

हाम्रो संवैधानिक एवम् कानूनी प्रावधानले लैगिंक तथा सामाजिक समावेशी प्रतिनिधित्वलाई सुनिश्चित गरेपनि यसलाई विशिष्ट, पर्याप्त र गुणात्मक बनाउनु पर्ने आवश्यकता बोध हुँदै गएको छ । निर्वाचन व्यवस्थापनमा सबै पक्षको भूमिका स्थापित गरी जिम्मेवारी निर्वाह गराउन र निर्वाचन आचार संहितालाई देखावटी भन्दा वास्तविक बनाउन उत्तिकै आवश्यक छ । कुनै पनि मतदाताले निर्वाचनमा सहभागी राजनीतिक दल तथा उम्मेदवार मध्ये कसैलाई पनि मत दिन्न भन्न पाउने अधिकार (NOTA) लाई मतपत्रमा समावेश गर्ने विषयमा पनि सम्मानीत सर्वोच्च अदालतबाट परमादेश भै सकेको छ । सूचना प्रविधिको युगमा प्रविधियुक्त निर्वाचन स्वभाविक हुँदाहुँदै पनि इलेक्ट्रोनिक भोटिङ मेशीन (EVM) को प्रयोग सम्बन्धमा मिश्रित विचारहरू आउने गरेका छन् । दीर्घकालिनरूपमा निर्वाचनमा हुने सार्वजनिक खर्च घटाउन यो उपयुक्त विधि पनि हो । परीक्षणको रूपमा प्रारम्भ गरिएको इलेक्ट्रोनिक भोटिङ मेशीन (EVM) को प्रयोगलाई विस्तार गर्न उच्चस्तरीय राजनीतिक सहमति र विश्वसनीय वातावरण अपेक्षित छ भन्ने आयोगको धारणा छ ।

**सम्माननीय राष्ट्रपतिज्यू,**

निर्वाचन प्रणालीमा सुधार गर्ने प्रसङ्ग उठ्नासाथ सर्वाधिक चासो र चिन्ता गरिने विषय निर्वाचन महंगो बन्दै गएको र धान्नै नसकिने अवस्था तर्फ उन्मूख हुन पुगेकोले यसलाई कसरी मितब्ययी बनाउने भन्ने विषयमा गम्भिर हुनै पर्छ । यसले निर्वाचनको समयमा हुने खर्चलाई मात्र इंगित गर्दैन देशको अर्थतन्त्र, सामाजिक संरचना र समग्र शासन प्रणालीलाई सुशासन र सदाचारयुक्त बनाउने विषयलाई पनि लक्षित गर्दछ । यसको निम्ति एकातिर आयोग र सार्वजनिक क्षेत्रबाट हुने खर्चलाई निश्चित सीमामा राख्नुपर्ने आवश्यकता छ भने अर्कातिर राजनीतिक दल र उम्मेदवारबाट हुने निर्वाचन खर्चलाई पद्धतिगत नियन्त्रण र नियमन गर्नुपर्ने अवस्था छ । यसको निम्ति आम सहमतिमा ठोस एवम् व्यावहारिक निर्णयमा पुग्न सबैसँग हार्दिक आग्रह गर्दछु । निर्वाचन पद, पैसा र पहुँचले प्रभावित हुनु हुँदैन । निष्ठा, विचार र सिद्धान्तबाट निर्देशित हुनुपर्छ भन्ने हाम्रो मान्यता स्थापित गर्न आयोग हरदम क्रियाशिल रहने विश्वास दिलाउन चाहन्छु ।

निर्वाचनमा हारजीत स्वभाविक हुन्छ भने झै निर्वाचन परिणाम घोषणा हुनासाथ पराजितले विजेतालाई सहर्ष स्वीकार गरी हार्नेले पनि जितेको अनुभूति गर्ने स्वाभाविक वातावरणमा निर्वाचन सम्पन्न गर्ने र निर्वाचन विवादलाई प्रभावकारीरूपमा निरूपण गरी शुन्यमा झार्ने गरी निर्वाचन व्यवस्थापनमा सुधार गर्न आयोग दृढ संकल्पित छ । यसको निम्ति आयोगबाट निर्वाचनलाई मितव्ययी र धान्न सकिने बनाउने, एकीकृत निर्वाचन कानून तर्जुमा गर्ने, विदेशमा बस्ने नेपालीहरूको मतदानको सम्बन्धमा उचित व्यवस्थापन गर्ने, संघीय ढाँचा अनुरूप आयोग र मातहतको पुनरसंरचना गर्ने, आयोगको संस्थागत सुदृढीकरण, आयोगको भवन निर्माण एवम् अन्य पूर्वाधार निर्माण र स्रोत साधनको महत्तम उपयोग गर्ने, मतदाता शिक्षा र नागरिक सचेतनाका कार्यक्रमलाई विधागत रूपमा व्यवस्थित गरी स्थानीय तहसम्म हस्तान्तरण गर्ने, निर्वाचन प्रक्रियामा प्रदेश सरकार तथा स्थानीय तहलाई सहभागी गराउने, प्रविधियुक्त निर्वाचन प्रणाली स्थापित गर्ने लगायतका विषयमा विभिन्न समिति र कार्यदल गठन गरी कार्य प्रारम्भ गरिएको व्यहोरा अनुरोध गर्न चाहन्छु । आयोगले सबै सरोकारवालाहरूको समेत सुझाव लिई उद्देश्यमा स्पष्टता, प्रक्रियामा एकरूपता, सूचनामा सहजता, कार्यान्वयनमा सहभागिता, नतिजामा शीघ्रता, काम कारवाहीमा विश्वसनियता एवम् निरन्तरता कायम गर्ने पद्धति र कार्यशैलीका साथ आफ्नो कार्यलाई निरन्तररूपमा अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्दछु ।

**सम्माननीय राष्ट्रपतिज्यू,**

निर्वाचन आयोगले सम्पन्न गरेको तीनै तहको निर्वाचन पश्चात विभिन्न कारणले प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य, नगरपालिकाका प्रमुख तथा उपप्रमुख, गाउँपालिकाका अध्यक्ष तथा

उपाध्यक्ष र स्थानीय तहका वडाध्यक्षहरूको पद रिक्त रहेकोले उक्त पदमा प्रचलित कानून बमोजिम उपनिर्वाचन गर्न आयोग तयारी अवस्थामा रहेको कुरा निवेदन गर्न चाहन्छु ।

आयोगबाट आयोजित यस कार्यक्रममा मैले यहाँ उल्लेख गरेका विषयका अतिरिक्त अन्य विविध विषय समेत समेटेर माननीय आयुक्तज्यूहरूबाट दुई वटा कार्यपत्र प्रस्तुत हुनेछन् । उपस्थित सहभागी महानुभावहरूबाट प्राप्त मार्ग निर्देशन र सुझावलाई आयोगले आफ्नो महत्वपूर्ण पुँजीको रूपमा ग्रहण गर्ने कुरा निवेदन गर्दै यस अन्तरक्रिया कार्यक्रममा उपस्थित भई हामीलाई हौसला, प्रेरणा र उर्जा प्रदान गरिदिनु भएकोमा सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू लगायत सबै विशिष्ट महानुभावहरू प्रति पुनः हार्दिक आभार व्यक्त गर्दै मेरो भनाई अन्त्य गर्न अनुमति चाहन्छु ।

## ३ प्रस्तुतीकरण



*प्रस्तुतीकरण गर्नुहुँदै माननीय निर्वाचन आयुक्त श्री नरेन्द्र दाहाल*

अन्तरक्रिया कार्यक्रममा माननीय निर्वाचन आयुक्तद्वय नरेन्द्र दाहाल र इश्वरी प्रसाद पौड्यालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । माननीय निर्वाचन आयुक्त नरेन्द्र दाहालले आयोगको भावी कार्यदिशा विषयमा कार्यपत्र प्रस्तुति गर्दै आयोगको प्रस्तावित तेस्रो पञ्चबर्षीय रणनीतिक योजनाका प्रस्तावित रणनीति एवम् कार्यनीतिहरू स्पष्ट गर्नुभयो । रणनीतिहरूमा आयोगको संस्थागत सुदृढीकरण गर्ने, प्रविधियुक्त निर्वाचन व्यवस्थापन प्रणालीको विकास गर्ने, निर्वाचन सम्बन्धी नीतिगत तथा कानूनी सुधार गर्ने, संविधान र कानून बमोजिम राजनीतिक दल व्यवस्थापन गर्ने र निर्वाचन व्यवस्थापनमा साझेदारी र सहकार्य अभिवृद्घि गर्ने रहेका छन् । (प्रस्तुतीकरण **अनुसूची ४ मा** संलग्न गरिएको छ )

त्यसैगरी माननीय निर्वाचन आयुक्त इश्वरी प्रसाद पौड्यालले निर्वाचन समीक्षा विषयमा कार्यपत्र प्रस्तुत गर्दै निर्वाचन खर्चलाई कसरी मितव्ययी बनाउने, निर्वाचन प्रक्रियामा सूचना प्रविधिको प्रयोग, विदेशमा रहेका मतदाताहरूले



निर्वाचनमा मतदान गर्न पाउने व्यवस्थाको सुनिश्चित गर्ने बिषय, निर्वाचन आचार संहिताको प्रभावकारी रुपमा पूर्ण पालना कसरी गराउने जस्ता निर्वाचन समीक्षाको क्रममा उठेका विषयवस्तु एवम् सुझावबारे प्रस्तुत गर्नुभएको थियो । प्रस्तुतीकरण **अनुसूची ४ मा** संलग्न गरिएको छ )

साथै वहाँले आवश्यक सुरक्षा व्यवस्था सहित मतदान स्थलमै मतगणना गराउने निर्वाचन कार्यमा खटिएका राष्ट्रसेवक कर्मचारी एवम् सुरक्षा सङ्गबद्ध ब्यक्तिहरूलाई मतदानको अधिकार दिने, विभिन्न तहको निर्वाचनको मिति घोषणा गर्ने लगायत आयोगको स्वायत्तता सम्बन्धी मान्यताहरूका विषयमा समेत स्पषट गर्नुभयो ।

निर्वाचन आयोगको तर्फबाट प्रस्तुतीकरण पश्चात् आयोगले विगतमा सम्पन्न गरेका निर्वाचन व्यवस्थापन तथा आगामी दिनमा लिनुपर्ने कार्यदिशाका सम्बन्धमा सहभागीहरूबाट महत्वपूर्ण सुझावहरू प्राप्त भएका थिए । अन्तरक्रिया कार्यक्रममा सबैजसो वक्ताले निर्वाचनमा बढ्दो प्रचार प्रसार खर्च, विदेशमा बस्ने नेपाली नागरिकको मताधिकार, समानुपातिक निर्वाचन प्रणालीमा प्रतिनिधित्व, निर्वाचन आचार संहिताको पालना, निर्वाचन शिक्षा एवम् आयोगले लिनुपर्ने भावी कार्यदिशा आदि विषयमा महत्वपूर्ण सुझाव र पृष्ठपोषण दिनुभएको थियो।

## ४ सहभागीहरूबाट व्यक्त विचार

**शेरबहादुर देउवा (पूर्व प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति)**

EVM को प्रयोग गर्ने कुरा ठिक छ । विदेशमा रहेका नेपालीहरूले मतदान गर्न पाउनु पर्छ । online Vote हुन सक्दैन । Embassy मै मतदान गर्ने व्यवस्था गर्नुपर्छ । सबै मतदाताहरूको Online Registration गर्ने विषय उपयुक्त छ ।



*आफ्नो विचार राख्नुहुँदै पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा*

मतदाता/निर्वाचन शिक्षा सहरमा [illegible]
निर्वाचनको [illegible]

**माधव कुमार नेपाल (पूर्वप्रधानमन्त्री एवम् वरिष्ठ नेता नेकपा)**

निर्वाचन प्रणाली अत्यन्तै खर्चिलो भयो । पालिकाका वडा, स्थानीय तहबाटै खर्च कटौति गर्नुपर्छ ।

निर्वाचनमा खुलेआम भोज भतेर लगाउनेलाई कारवाही गर्नै पर्छ । राज्यले नै State Funding गर्ने बिषयमा छलफल गरौला ।



आफ्नो विचार राख्नुहुँदै पूर्व प्रधानमन्त्री माधव कुमार नेपाल

महिला दलितको प्रतिनिधित्वको बिषयमा पुन छलफल गरौं, जटिलतालाई फुकाऔं । विदेशमा रहेका नागरिकहरूलाई मतदान दिने सम्बन्धमा सर्वोच्च अदातलबाटै आदेश

आएकोले सोच्न जरुरी भएको छ । समग्र निर्वाचन व्यवस्थापनमा सुधार गर्ने आयोगको विचार प्रशंसनीय छ ।

**बाबुराम भट्टराई (पूर्वप्रधानमन्त्री एवम् अध्यक्ष समाजवादी पार्टी नेपाल)**

अहिलेको निर्वाचन प्रणाली नै विसंगतिको श्रोत हो । यसमा सुधार गर्न सबै गम्भीर हुनुपर्छ । प्रत्यक्ष राष्ट्रपतीय/प्रधानमन्त्रीय निर्वाचन प्रणाली गरेमा मात्र आयोगलाई सवल बनाउन सक्छौं ।



Compulsory Voting को व्यवस्था गरेमा मात्र NOTA र Recall को व्यवस्था कार्यान्वयन गर्न सकिन्छ । निर्वाचन महँगो भएको हुँदा भ्रष्टाचार बढेको छ । निर्वाचनमा हुने खर्च नै विसंगतिको जड हो। दलले प्राप्त गर्ने म लागू गर्नुपर्छ ।

*आफ्नो विचार राख्नुहुँदै पूर्व प्रधानमन्त्री बाबुराम भट्टराई*

विदेशमा बस्ने नेपाली नागरिकलाई मताधिकारको अधिकार दिनु पर्दछ । यसमा कसरी अगाडि बढने बारे छलफल गरी अगाडि बढौ । समावेशिकताका लागि पूर्ण समानुपातिक नै हो वा महिला/महिला, दलित/दलित बीच प्रतिस्पर्धा गर्नुपर्ने तर्फ जानु पर्छ । EVM को प्रयोग गर्नु पर्दछ, प्रविधिको प्रयोग गर्ने कुरामा धैरै शंका नगरौ ।

**चित्र बहादुर के.सी. (अध्यक्ष राष्ट्रिय जनमोर्चा)**

पैसा नहुनेले चुनाव जित्न सकिदैन भन्ने मान्यता स्थापित हुँदै गयो । चुनाव खर्चिलो भयो चुनाव खर्च घटाउने सबै उपाय अवलम्बन गर्नुपर्छ । प्रवासी नेपालीलाई भोट दिन पाउने व्यवस्था गर्नुपर्छ । नोट काम लाग्ने भोट काम नलाग्ने हुनुहुँदैन। थ्रेसहोल्डले साना पार्टीलाई



*आफ्नो विचार राख्नुहुँदै राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्र बहादुर*

रोक्ने र दुईदलीय पार्टी बनाउने उद्देश्यबाट प्रेरित भएर ल्याइएको हो । यसलाई हटाउनु पर्दछ ।

महिला र दलितको आरक्षण गर्नुपर्छ । आचारसंहिताको सरासर उल्लंघन भएको छ । आयोग मुकदर्शक बन्नुपर्ने अवस्था छ । आयोगलाई आचारसंहिता उल्लंघन गर्नेलाई दण्डात्मक अधिकार दिएर कानून बनाउनु पर्दछ । भागवण्डाको आधारमा आयोगमा नियुक्ति हुनुहुँदैन । चुनावको मिति घोषणा गर्ने बिषय सत्तामा बस्नेले आफू अनुकूल हुने व्यवस्थाको अन्त्यका लागि आयोगलाई अधिकार नै दिनुपर्छ वा कानूनमा नै तोक्नुपर्छ । राम्रो काम नगर्ने जनप्रतिनिधिहरूलाई फिर्ता गर्न पाउने (Right to Recall) व्यवस्था हुनुपर्छ ।

**डा. प्रकाशचन्द्र लोहनी, राष्ट्रिय प्रजातन्त्र पार्टी (संयुक्त)**

आयोगको नयाँ नेतृत्वको सुधारको इच्छा प्रशंसनीय छ । रणनीति Positive लाग्यो । Positive Statement धेरै छन् । थोरै मात्र गरे पनि उपलब्धि हुनेछ । शुभकामना छ ।

Democracy को परिभाषा गर्दा for the people, to the people by the people भनिन्थ्यो तर हामी कहाँ Democracy is for the rich by the poor and to the few भयो ।



*आफ्नो विचार राख्नुहुँदै राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता डा. प्रकाशचन्द्र*

पार्टी नभई लोकतन्त्र नहुने र पार्टीका लागि खर्च आवश्यक पर्ने हुन्छ । पार्टीले प्राप्त गरेको मतका आधारमा State Funding को व्यवस्था गर्नुपर्छ । व्यापारीले घोषणा नगरी चन्दा दियो भने गैरकानूनी हुन्छ । घोषणा गरी दिएको चन्दामा कर छुट दिनु पर्दछ । Electoral Code of Conduct लाई नैतिक बन्धनको रुपमा मात्र हैन, कानूनमा नै व्यवस्था गरी कडा रुपमा पालना गराउनु पर्दछ । यसमा सरकारले सहयोग गर्नुपर्छ ।

**शशी श्रेष्ठ (सभापति, राज्यव्यवस्था तथा सुशासन समिति)**

निर्वाचन प्रणालीलाई हेरफेर गरी पूर्ण समानुपातिक हुनुपर्छ बनाइनु पर्दछ । जसबाट धैरै समस्याको समाधान हुन्छ । मिश्रित निर्वाचन प्रणाली अपनाए पनि एकिकृत कानूनको निर्माण हुनुपर्ने हुन्छ । महिलाका लागि निर्वाचन क्षेत्र नै आरक्षण गरिनु उपयुक्त हुने हुँदा सिट आरक्षणको व्यवस्था कानूनमा नै गर्नुपर्छ ।



*आफ्नो विचार राख्नुहुँदै राज्यव्यवस्था तथा सुशासन समितिका सभापति शशी*

निर्वाचन भडकिलो र खर्चिलो भयो । सेवाभावको राजनीति अब समाप्त भयो । यसमा सबै सचेत हुनुपर्छ । यस सम्बन्धमा आयोगको पहल सकारात्मक छ । दलले प्राप्त गरेको मतको आधारमा राज्यले खर्च व्यहोर्ने, निर्वाचन प्रचारप्रसारका लागि निश्चित ठाउँ उपलब्ध गराउने, सबै दललाई समान अवसर दिएर संचार माध्यमको प्रयोग गर्न दिने व्यवस्था गर्नु पर्दछ।

**राजकिशोर यादव (राष्ट्रिय जनता पार्टी)**

यो आयोजना र छलफलको लागि निर्वाचन आयोगलाई धन्यवाद दिन चाहन्छु । निर्वाचन आयोग सरकारमाथि निर्भर रहनु पर्ने अवस्थाको अन्त्य गर्नु पर्दछ । निर्वाचन आयोगलाई प्रशासनिक, आर्थिक, राजनीतिक सबै किसिमले पूर्ण स्वायत्त बनाउनु पर्दछ । आयोगले सरकारसँग याचना गर्नुपर्ने, सामान माग्नुपर्ने अवस्था रहन दिनु हुँदैन । आयोगलाई स्वायत्त संवैधानिक निकायको रुपमा अधिकार सम्पन्न गर्नुपर्छ ।



निर्वाचनको मिति आयोग स्वयंले तोक्न पाउने व्यवस्था सरकारले गर्नुपर्छ । निर्वाचनमा आर्थिक पारदर्शिता र मितव्ययीता कायम

*आफ्नो विचार राख्नुहुँदै राष्ट्रिय जनता पार्टीका नेता राजकिशोर यादव*

गर्नै पर्दछ । अहिलेको ठूलो चुनौति भनेको दलहरू बीचको विश्वासको संकट हो, यसको अन्त्य गर्दै जानुपर्छ । निर्वाचन खर्चलाई समयसापेक्ष परिमार्जन गर्नुपर्छ । जसरी भए पनि चुनाव जित्न भएको शक्ति लगाउने प्रवृतिको अन्त्यका लागि आयोगलाई मात्र जिम्मेवार बनाएर उम्कन मिल्दैन । सरकार र दलले नै यसको उचित व्यवस्थापन गर्नुपर्छ ।

निर्वाचन खर्चलाई मितव्ययी बनाउन प्रचार प्रसार समय घटाउने र आयोगले मतदाता शिक्षा समयमा नै दिनुपर्ने । आयोगले मतदातालाई सुसूचित गर्ने काम र आयोगलाई अटोनोमी र श्रोतसाधन सम्पन्न बनाउने विषयमा सबै राजनीतिक दल एकमत हुनुपर्छ । FPTP, PR राष्ट्रिय सभाका सांसदको भूमिका फरक फरक गर्नु पर्छ की ? विचार गरौं । सबै दललाई विश्वास दिलाउन सकेमा प्रविधिको प्रयोग ठिकै हुने हुँदा EVM को विषयमा सोच्नुपर्छ । जनप्रतिनिधिहरूलाई समाजमा कसरी सम्मानित बनाउने ? भन्ने विषय निर्वाचन हिंसासँग जोडिएको छ, यसमा सबैको ध्यान पुग्नुपर्छ ।

**रमेश लेखक (केन्द्रिय सदस्य, नेपाली काँग्रेस)**

वुथ कब्जा गर्ने लगायतका अवाञ्छित गतिविधिहरूलाई रोक्न तथा निश्तेज पार्न कानूनी व्यवस्था र अधिकार आयोगलाई दिनुपर्छ । कानूनलाई परिमार्जन र एकिकृत कानून बनाउने काम छिटो गरौ । सरकारले नै प्रयत्न गरोस।



रमेश लेखक (केन्द्रिय सदस्य, नेपाली काँग्रेस) कार्यक्रममा सहभागी हुँदै

खाली भएका स्थानमा उपनिर्वाचन छिटो होस भन्ने माग गर्दछु । आवधिक निर्वाचनमा एक तहको नि to Recall हाम्रो अवस्थामा परिपक्व भै सकेको छ/छैन विचार गरौ । यसको लागि संविधान संशोधनको आवश्यकता पर्छ ।

**लिला सिटौला ( संघीय समाजवादी फोरम )**

महिला समानताको बिषयमा महिलाले जन्मका आधारमा र विवाहको आधारमा दुबै सुविधा प्रयोग गरेता पनि जन्मकै आधारमा मात्र उपयोग गर्ने व्यवस्थामा जोड दिनुपर्यो । संघीय संसदमा महिलाको ५० प्रतिशत सहभागिता पुर्याउनुपर्छ । जन्मको आधारमा महिलालाई

समानुपातिक सदस्य बन्न दिनु पर्छ । समानुपातिक निर्वाचनका उम्मेदवार चयनमा परिवार र नातेदार मात्र छान्ने परम्पराको अन्त्य गर्नुपर्छ । विदेशमा बस्ने नेपाली नागरिकहरूलाई मतदानको अधिकार दिने बिषयमा सोच्नुपर्छ ।

**बुद्धिमान तामाङ्ग (राष्ट्रिय प्रजातन्त्र पार्टी)**



ठूला पार्टीका लागि मात्र निर्वाचन प्रणाली राम्रो देखियो । साना दललाई अगाडि आउनै नदिने दुई दलीय प्रणाली बनाउन खोजियो । [illegible] विदेशमा बस्नेलाई Voting Right दिनु

पर्दछ । चुनाव एकै चरणमा हुनुपर्छ ।

**रविन्द्र मिश्र (विवेकशिल साझा पार्टी)**



Political Syndicate नतोडि कुनै Syndicate तोडिदैन। राजनीतिक दलको आर्थिक पारदर्शिता सुनिश्चित गर्नुपर्छ । State Funding को अवधारणा दलको आर्थिक पारदर्शिताको लागि आएको हो, यो अपरिहार्य छ । सोच्ने बेला आएको छ ।

घोषणा गरेर दिने चन्दाको कर छुटको व्यवस्था हुनुपर्छ । दलहरूले गोप्य रुपमा भित्र भित्रै पैसा कसरी उठाउँछन भन्ने अनुगमन गर्ने संयन्त्र बनाउनु पर्छ ।

सधै ठूला पार्टीको मात्र चुनावचिन्ह माथि/अगाडि हने प्रणाली ठिक होइन । मतपत्रमा चुनाव चिन्ह वर्णानुक्रम अनुसार हुनुप... पाल

*आफ्नो विचार राख्नुहुँदै विवेकशिल साझा पार्टीका नेता रविन्द्र मिश्र*

जस्तो देशमा थ्रेसहोल्ड चाहिन्छ । थ्रेसहोल्ड नराखी समावेशीताको सुनिश्चितता सोच्नु राम्रो होइन । NOTA र Right to Recall हुनुपर्छ । भ्रष्टाचारको अन्त्य गर्न र सुशासनका लागि उम्मेदवारलाई कानूनी एवम् प्रणालीगत ढङ्गले बाँध्न जरुरी छ ।

**कुमार लिङ्गदेन (संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च)**

दलहरू बीचको एकिकरण प्रक्रिया सहज हुनुपर्छ, प्रदेशको निर्वाचनमा क्लष्टर बनाउन सकिदैन, कानूनमा नै स्पष्ट गरी मिलाउनु पर्छ । प्रवासबाट Voting अनिवार्य हुनुपर्ने । पैदल, साइकलबाट हुने चुनावी प्रचार प्रसार ठिक छ तर पेट्रोल/डिजेलबाट चल्ने सवारी साधनको प्रयोगबाट चुनावी प्रचार प्रसार हुनुभएन । चुनाव चिन्हविहीन Voting पनि विकल्प भएकोले Direct नाममा Vote हाल्ने व्यवस्था हुनुपर्यो ।

**मा. मो. रिजवान अन्सारी (नेपाल संघीय समाजवादी पार्टी)**

समावेशी लोकतन्त्रलाई मजवुत बनाउन आवश्यक कानून तर्जुमा हुनुपर्यो । साना दलको समेत सहभागिता सुनिश्चित गर्नुपर्यो अन्यथा दुई दलीय लोकतन्त्र भन्नु पर्यो ।



मा. मो. रिजवान अन्सारी, नेपाल संघीय समाजवादी पार्टी कार्यक्रममा

निर्वाचन प्रणालीलाई हेर्नेहो भने सामान्य नेपाली नागरिक कि त Voter कि त कार्यकर्ता मात्र हुने हो । निर्वाचन खर्चलाई साधारण नागरिकले धान्न नसक्ने अवस्था छ, सुधार गर्नुपर्यो । EVM हाम्रो नियन्त्रणमा छैन । यसले राष्ट्रियतालाई कमजोर बनाउछ ।

**प्रेम सुवाल (नेपाल मजदुर किसान पार्टी)**



पार्टी र मतदातालाई चन्दा तथा आर्थिक सहायता दिने, रातमा पार्टी प्रवेश भई निर्वाचनमा भाग लिने, निर्वाचित भए पश्चात अवधिभर खर्च उठाउन प्रयत्नशील रहने प्रवृत्ति अन्त्य हुनुपर्छ ।

राजनीतिक दललाई Fund दिन हुँदैन । राजनीतिक दलहरूले चुनाव चिन्ह र घोषणापत्रका

प्रेम सुवाल, नेपाल मजदुर किसान पार्टी कार्यक्रममा पाल्नुहुँदै

आधारमा निर्वाचनमा सहभागी ... ो प्रभावकारी कार्यान्वयन भएन । नैतिक दवावमा कमै मात्र बस्न रुचाउँछन् । निर्वाचनमा घोषणापत्र बाहेकका अन्य कुरा बोले कारवाही हुने व्यवस्था हुनुपर्छ । देशभित्रका इन्जिनियरहरूबाट प्रविधिको विकास र प्रयोग गर्ने, नागरिकता र मतदाता नामावलीलाई अन्तरसम्बन्धित बनाउने र नागरिकतामा सबैको पहुँच हुनु पर्ने विषयलाई जोड दिनुपर्छ ।

**डा.गोपालकृष्ण सिवाकोटी (नियोक, NEOC)**

नागरिक समाजलाई आमन्त्रण गरेकोमा आयोगलाई धन्यवाद । स्वतन्त्र निर्वाचनका लागि निश्चित मापदण्डको निर्माण गरी कार्यान्वयन गर्नुपर्छ । दुनियाँ Digitized भएको छ । हामीले पनि EVM को थालनी गर्नुपर्छ । Political Finance का लागि नियमन र नियन्त्रण गर्नुपर्दछ ।



संविधानत निर्वाचन क्षेत्र निर्धारण हरेक २० बर्षमा हुने व्य ... ो

*आफ्नो विचार राख्नुहुँदै नियोकका गोपालकृष्ण सिवाकोटी*

व्यवस्था हुनुपर्छ । External Voting लाई पहल गर्नु पर्दछ । यसका लागि राहदानीलाई

सदुपयोग गर्न सकिन्छ । आचारसंहितालाई नैतिक वन्धन मात्र नमानी दण्डनीय कानून बनाउन जोड दिनुपर्छ ।

## ५ निष्कर्ष

संवैधानिक व्यवस्था बमोजिम आयोगले वि सं २०७४ सालमा स्थानीय तह, प्रदेश तथा सङ्घीय संसद, राष्ट्रपति तथा उपराष्ट्रपति पदको निर्वाचन चरणबद्ध रुपमा सम्पन्न गऱ्यो । यी निर्वाचनहरू सम्पन्न गर्नको लागि आवश्यक पर्ने निर्वाचन कानूनहरू छोटो समयमै निर्माण भए । आयोगले सबै तहका निर्वाचन सम्पन्न गरेसँगै मुलुकमा सङ्घीय लोकतान्त्रिक शासन व्यवस्था संस्थागत हुनका लागि मार्ग प्रशस्त भयो । आयोगले सम्पादन गरेका कामका सन्दर्भमा सातवटै प्रदेशमा निर्वाचनका सरोकारवालाहरूको समुपस्थितिमा गत वर्ष समीक्षा गोष्ठीहरू सम्पन्न भए ।

वि.सं. २०६४ सालमा सम्पन्न संविधान सभाको निर्वाचन पश्चात आयोगले निर्वाचन व्यवस्थापनमा सुधार एवं संस्थागत सुदृढीकरणका लागि रणनीतिक योजनाहरू मार्फत सुधारका कार्यक्रमलाई अगाडि बढाएको छ । वि.सं. २०७६ साउन १ देखि लागू हुने गरी आयोगले तेस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गर्न लागेको हुँदा प्रस्तावित रणनीतिक योजनामा सरोकारवालाहरूबाट समेत महत्वपूर्ण पृष्ठपोषण प्राप्त हुनेछ भन्ने अपेक्षाका साथ **निर्वाचनको समीक्षा तथा आयोगले आगामी दिनमा अवलम्बन गर्नुपर्ने रणनीति सम्बन्धी उच्चस्तरीय अन्तरक्रिया** कार्यक्रम आयोजना भएको हो ।

आयोगको तर्फबाट माननीय प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरूबाट प्रस्तुतीकरण पश्चात् आयोगले आगामी दिनमा लिनुपर्ने कार्यदिशाका सम्बन्धमा सहभागीहरूबाट महत्वपूर्ण सुझावहरू प्राप्त भएका छन् । अन्तरक्रिया कार्यक्रममा निर्वाचनमा बढ्दो प्रचार प्रसार खर्च, विदेशमा बस्ने नेपाली नागरिकको मताधिकार, समानुपातिक निर्वाचन प्रणालीमा प्रतिनिधित्व, निर्वाचन आचार संहिताको पालना, निर्वाचन शिक्षा एवम् आयोगले लिनुपर्ने भावी कार्यदिशा आदि विषयमा महत्वपूर्ण सुझाव र पृष्ठपोषण प्राप्त भएका छन् । सहभागीज्यूहरूबाट प्राप्त पृष्ठपोषण एवम् सुझावहरूका लागि आयोग धन्यवाद व्यक्त गर्दछ । साथै आयोगले उक्त सुझाव एवम्



*कार्यक्रम सञ्चालन गर्नुहुँदै सहसचिव श्री गिरिजा शर्मा*

पृष्ठपोषणलाई पूँजीको रुपमा ग्रहण गरी आगामी कार्यक्रममा समावेश गर्दै अगाडि बढ्नेछ । उच्चस्तरीय अन्तरक्रिया कार्यक्म ४:०० बजे शुरु भई ७:२५ बजे औपचारिक रुपमा समापन भएको र उक्त कार्यक्रमको सञ्चालन आयोगको सहसचिव श्री गिरिजा शर्माबाट भएको थियो ।

*अनुसूचीहरू*

अनुसूची १

***(अवधारणापत्र)***

# निर्वाचन समीक्षा तथा आयोगको भावी रणनीति
## सम्बन्धी उच्चस्तरीय अन्तरक्रिया कार्यक्रम

## I. पृष्ठभूमी

वि. सं. २०७४ सालमा भएका स्थानीय तह, प्रदेश सभा, संघीय संसद, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्पन्न गरी निर्वाचन आयोगले वि. सं. २०७५ असार महिनामा सातवटै प्रदेशमा प्रदेशस्तरीय समीक्षा गरी प्रतिवेदन प्रकाशित गरिसकेको छ । उक्त प्रतिवेदनले निर्वाचन प्रक्रियामा अवलम्बन गरिएका असल अभ्यास, अनुभव गरिएका मूलभूत समस्याहरू, समाधानका लागि गर्नुपर्ने सुधारहरूको पहिचान गरेको छ ।

निर्वाचन आयोगको दोस्रो पञ्चवर्र्षीय रणनीतिक योजनाको अवधि वि.सं. २०७६ आषाढ मसान्तमा पूरा हुने र आ.व. ०७६।०७७ देखि तेस्रो पञ्चवर्र्षीय रणनीतिक योजना कार्यान्वयनमा ल्याउने गरी आयोगले योजना तर्जुमा कार्य अगाडि बढाएको छ । यिनै दुईवटा मूलभूत बिषयहरूमा केन्द्रित रही राजनीतिक दल तथा निर्वाचनका अन्य सरोकारवालाहरूबाट पृष्ठपोषण प्राप्त गर्न एक दिवसीय अन्तरकृिया कार्यक्रम संचालन गर्ने गरी यो अवधारणापत्र तयार गरिएको छ ।

वि.सं. २०७४ को निर्वाचन समीक्षाबाट प्राप्त सुझावहरू, दोश्रो रणनीतिक योजनाको समीक्षा मुल्यांकनबाट पहिचान गरिएका विषयहरू तथा समसामयिक रुपमा उठेका सबै विषयहरूलाई समेटी निर्वाचनलाई अझ बढी स्वच्छ र स्वतन्त्र रुपमा सम्पन्न गर्न आयोगलाई सक्षम र व्यावसायिक निकायको रुपमा संस्थागत गर्ने गरी तेस्रो पञ्चबर्षीय रणनीतिक योजना तयार हुने क्रममा रहेको छ । आयोगको स्वायत्तता र स्वतन्त्रता, संस्थागत सुदृढीकरण, क्षमता विकास, साझेदारी प्रवद्र्धन, सूचना प्रविधियुक्त निर्वाचन व्यवस्थापन प्रणालीको विकास, सुदृढ कानूनी व्यवस्था,निर्वाचन पूर्वाधारको विकास, निर्वाचन व्यवस्थापनमा मितव्ययिता र प्रभावकारिता ल्याउने उद्देश्यहरू प्रस्तावित रणनीतिक योजनाले

परिलक्षित गरेको छ । उच्चस्तरीय अन्तरक्रियाबाट प्राप्त सुझावहरूलाई निर्वाचन आयोगले भावी निर्वाचनको व्यवस्थापन सुधारको मुख्य आधारको रुपमा अवलम्बन गर्नेछ ।

## 2.1 उद्‌देश्य

- प्रस्तावित कार्यक्रमको मुख्य उद्‌देश्य वि. सं. २०७४ सालमा सम्पन्न भएका सबै तहका निर्वाचनको समीक्षाबाट प्राप्त सुझावहरुको विषयमा छलफल गर्ने एवम् भावी रणनीतिक योजना र समसामयिक विषयमा उच्चस्तरीय तहमा अन्तरक्रिया गरी आयोगको भावी दिशानिर्देश गर्नु रहेको छ । साथै कार्यक्रमका अन्य उद्‌देश्यहरु निम्नानुसार रहेका छन् ।
- समीक्षाबाट प्राप्त मूलभूत बुँदाहरु प्रस्तुत गरी अन्तरक्रियाबाट प्राप्त सुझावहरुको आधारमा निर्वाचन व्यवस्थापन र सञ्चालन सम्बन्धी ऐन, नियम, निर्देशिका र निर्वाचनका समग्र प्रक्रियामा सुधार गर्ने,
- प्रस्तावित तेश्रो पञ्चवर्षीय रणनीतिक योजनाको रणनीति र कार्यनीतिहरुका बारेमा सुझावहरु प्राप्त गर्ने,

## 2.2 अन्तरक्रियामा प्रस्तुत हुने विषयहरू :

